# के तपाईंलाई कसैले हानी पुर्याएको छ? कसैले तपाईंको फाईदा लिएको छ?

## के तपाईंलाई....

कुनै पनि दिन कामबाट विदा लिने अनुमति छैन ?

आफ्नो साथी वा परिवारलाई फोन गर्ने अनुमति छैन ?

## के तपाईंको रोजगारदाताले...

तपाईंको फोन कल सुन्छ ?

तपाईंलाई स्वतन्त्रतापूर्वक घर छोड्न दिदैंन?

तपाईं विरामी भएको बेला डाक्टरकोमा जान दिदैंन ?

मौखिक तथा शारीरिक रुपले तपाईंसँग हिंसक व्यवहार गर्छ ?

तपाईंलाई धम्कयाउँछ?

तपाईंको राहदानी खोसी आफूसँग राख्छ?

तपाईंमाथि यौन दूर्व्यवहार गर्छ ?

तपाईंलाई काम गरेबापत पैसा दिदैंन?

तपाईंको आवासको अवस्था अपर्याप्त छ?

यदि तपाईंले माथि दिएको समस्याहरुमा कुनै एक वा सो भन्दा बढी समस्या आफूले वा तपाईंले चिन्नुभएको कसैले भोगिरहनुभएको छ भने **सहयोगको लागि हामीलाई भन्नुहोस् !**

המוקד לפליטים ולמהגרים ע"ר

# तपाईं सोको रिपोर्ट गर्न नडराउनुहोस् !

धेरै कामदारहरु आफ्नो रोजगारदाता विरुद्ध उजुरी गर्न डराउँछन् तर उनीहरु सुरक्षा, कानूनी सहायता, आश्रय, पुनर्स्थापना, काम गर्ने अनुमतिपत्र जस्ता अधिकारहरुको हकदार हुन् भन्ने जानकारी हुँदैन।

यहाँ उदाहरणका लागि एम् भन्ने फिलिपिनी घरेलु कामदारको कथा दिइएको छ। उनी २४औं घण्टा काम गर्थिन्, सातामा सातै दिन काम गर्थिन्, उनीलाई एक दिन पनि विदा थिएन। उनको रोजगारदाता ठूलो घरमा बस्थे र धेरै कोठाहरु खाली भएता पनि उनी सानो नुहाउने कोठामा सानो खाटमा सुत्थिन्। उनीलाई कामको सिलसिलामा रोजगारदाताको घरको एकदम नजिक मात्र बाहिर जान दिइन्थ्यो। उनीहरु उनको प्रत्येक क्रियाकलाप नियन्त्रण गर्थे तथा उनको राहदानी खोसेर राखेका थिए। उनको छिमेकी घरमा काम गर्ने अर्को विदेशी कामदारले उनको दुख देखेर घरको फोहोर फाल्ने बिन नजिक सहयोग गर्ने व्यक्तिहरुको टेलिफोन नम्बर सहित मोबाइल फोन राखिदिए। एमले त्यसपश्चात सहयोग पाइन् र उनको स्थितमा धेरै सुधार भयो।

**हामीलाई सम्पर्क गर्नसक्नुहुनेछः शरणार्थी तथा आप्रवासीहरुका लागि हटलाईन**

**Hotline for Refugees and Migrants:**

**SOS@hotline.org.il / 050-8848250**